# पातारासी गाँउपालिका विपद् राहत वितरण कार्यविधि,२०८३

प्रमाणीकरण मिति :

प्रस्तावना

पातारासी गाँउपालिका क्षेत्र भित्रका प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई तत्कालराहत उपलब्धगराई जनजीवन सामान्य बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालनऐन, २०७४ को दफा ११ को उपदफा (७) र पातारासी गाँउपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७७ को दफा २७ बमोजिम पातारासी गाँउपालिकाको मिति २०८३।५।१७ को बैठकले यो कार्यविधि स्वीकृत गरेको छ।

परिच्छेद–१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम “पातारासी विपद् राहत वितरण कार्यविधि,**२०८३**”हुनेछ।

(२) यो कार्यविधि गाँउकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागूहुनेछ।

**२. परिभाषा** : १)विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **“गाँउपालिका”** भन्नाले पातारासी गाँउपालिका जुम्ला सम्झनु पर्दछ

(ख) **“राहत”**भन्नाले नेपाल सरकार र प्रदेश सरकारले प्रदान गर्ने विपद् राहत बाहेक नगरपालिकाले विपद्ध घटना बाट प्रभावित व्यक्ति/परिवारलाई तत्काल उपलब्ध गराइने **नगद** तथा **“वस्तुगत सहयोग**”सम्झनुपर्छ।

(ग) **“प्रभावितपरिवार”** भन्नाले विपद्का कारण जनधनमा पूर्ण वा आंशिक क्षति पुगेको पति वा पत्नी, छोरा, अविवाहित छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा तथा आफूले पालन पोषण गर्नुपर्ने अविवाहित दाजु, भाइ, दिदी र बहिनी समेतको सगोलको परिवार सम्झनु पर्छ।

(घ) **“विपद्”** भन्नाले प्राकृतिक तथा गैर प्राकृतिक कारण बाट उत्पन्न जनधनको क्षति, जोखिम वा संकटको अवस्था सम्झनु पर्छ।

(ङ) **प्राकृतिकविपद्** “भन्नाले प्राकृतिक रूपमा उत्पन्न हुने विपद् बुझिन्छ। जस्तै ‘भूकम्प, बाढी, पहिरो, हिमपहिरो, हिमताल विस्फोट, अतिवृष्टि, अनावृष्टि, आँधी, हुरीबतास, चट्याङ, शीतलहर, तातो हावाको लहर, डढेलो आदि।

(च) **गैरप्राकृतिक विपद्** भन्नाले मानवीय क्रियाकलाप वा अन्य गैरप्राकृतिक कारणबाट उत्पन्न हुने विपद् बुझिन्छ। जस्तै‘महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, औद्योगिक दुर्घटना, आगलागी, सडक तथा हवाई दुर्घटना, विषाक्त ग्यास वा रसायन चुहावट, विकिरण चुहावट, ग्यास विस्फोट, विषादी सेवन, वातावरणीय प्रदूषण आदि।

(छ) **“विपद् क्षति सिफारिस समिति”** भन्नाले विपदबाट भएको क्षति सिफारिस गर्नको दफा ५ बमोजिम वडा तहमा गठित समितिसम्झनुपर्छ।

(ज) **“विपद् राहत सिफारिस समिति”** भन्नाले दफा ७ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

(झ) **"विपद् व्यवस्थापन कोष "**भन्नाले पातारासी गाँउपालिका विपद् व्यवस्थापन (सञ्चालन) कोष कार्यविधि २०७७ को दफा ८ बमोजिमको कोषलाई सम्झनु पर्दछ ।

परिच्छेद–२

**राहतवितरणकाउद्देश्य**

**३. विपद् राहत वितरणको उद्देश्य : १)** विपद राहत वितरणको मुख्य उद्देश्य देहायबमोजिम हुनेछन् ।

१. विपदबाट प्रभावित वास्तविकव्यक्ति/परिवारकोपहिचानगर्नु,

२. प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराई क्षति न्यूनीकरण गर्नु,

३. राहत वितरणमा पारदर्शिता, निष्पक्षता र जवाफदेहिता कायम गर्नु र दोहोरोपना हुन नदिनु,

परिच्छेद–३

**राहत प्रासिको प्रक्रिया**

४. **विपद् प्रभावित व्यक्ति/परिवारको काम, कर्तव्य र** : १)विपद् प्रभावित व्यक्ति/परिवारको मुख्य -मुख्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क. विपद घटना घटेको ढिलोमा तीनदिनभित्र परिवारको कुनै सदस्यले विपदबाट भएको क्षतिको विवरण सहितको लिखित निवेदन स्थानीय प्रहरी कार्यालय र वडा कार्यालयमा पेश गर्ने, निवेदनसाथ क्षति हुनुभन्दा पहिला र क्षति पछिको फोटो संलग्न गर्ने,

ख. स्थानीय प्रहरी मार्फत क्षतिको सरजमिन मुचुल्का गर्ने/गराउने,

ग. स्थानीय प्रहरीको सरजमिन मुचुल्काको सक्कल प्रति दफा ५ बमोजिमको विपद् क्षिति सिफारिस समितिमा यथाशीघ्र पेस गर्ने,

घ. विपद् क्षति सिफारिस समितिबाट क्षतिको निरीक्षण/अवलोकन गराउने

**५. विपद् क्षति सिफारिससमिति : १)** चन्दनाथ नगरपालिकाभित्र हुने विभिन्न विपदको क्षति सिफारिस गर्न देहाय बमोजिमको विपद क्षति सिफारिस समिति हुनेछ ।

क. सम्बन्धित वडा अध्यक्ष — संयोजक

ख. सम्बन्धित वडा सदस्यहरु — सदस्य

ग. विषय शाखा प्रमुख (सम्बन्धित प्राविधिक) — सदस्य

घ. सम्बन्धित स्थानीय प्रहरी प्रमुख - सदस्य

ङ. सम्बन्धित वडा सचिव -सदस्य सचिव

२) समितिले आवश्यकता अनुसार अन्य सरकारी निकाय, सुरक्षानिकाय, स्वास्थ्यकर्मी, पशुचिकित्सक वा प्राविधिकलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

३) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

४) समितिको निर्णय सर्वसम्मत हुनेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा समितिका सदस्यहरूको बहुमतबाट निर्णय हुनेछ ।

५) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

**६. विपद् क्षति सिफारिस समितिको काम, कर्तव्य र अधिकार**

क. विपद् प्रभावित व्यक्ति/परिवारबाट निवेदन प्राप्त भएपछि विपद् प्रभावित स्थानको स्थलगत निरीक्षण/अवलोकन गर्ने/गराउने। निरीक्षण/अवलोकन पुष्टिका लागि फोटोतथाअन्यप्रमाणसंकलनगर्ने,

ख. विपद्का कारण वा अन्य मनासिब कारणबाट विपद् प्रभावित व्यक्ति/परिवारको तर्फबाट विपद् क्षतिको विवरण सहितको निवेदन दिने कुनै व्यक्ति नभएको अवस्थामा समितिका कुनै सदस्यले विपद प्रभावितको निवेदकको भूमिका निर्वाह गर्ने,

ग. विपद् क्षतिको प्राविधिक मूल्याङ्कन आवश्यक हुने अवस्था देखिएमा सो समेत गर्ने/गराउने

घ. विपद् प्रभावित व्यक्त/परिवारको सङ्ख्या एकिन गर्ने,

ङ. तत्काल आवश्यक हुने राहत सहयोग र परिमाणको अनुमान गर्ने,

ङ. विपद् क्षतिको बिमा भए नभएको जानकारी लिने,

च. विपद् प्रभावित व्यक्ति/परिवारलाई त्रिपाल, पिफम लगायतका वस्तु तत्काल आवश्यक पर्ने देखिएमा आफ्नो वडा कार्यालयको मौज्दातबाट वितरण/उपलब्ध गराउने,

परिच्छेद–४

**विपद राहतसिफारिससमिति**

**७. राहतसिफारिससमिति :** १) राहत रकम/सहयोग सिफारिस गर्नको लागि नगरपालिकामा देहाय बमोजिमको एउटा राहत सिफारिस समिति रहने छ।

| | |
|---|---|
| क. पालिका प्रमुख | - संयोजक |
| ख. पालिका उप प्रमुख | - सदस्य |
| ग. प्रमुखप्रशासकीय अधिकृत | - सदस्य |
| घ. सम्बन्धित वडा अध्यक्ष | - सदस्य |
| ङ. लेखा शाखा प्रमुख | - सदस्य |
| च. सम्बन्धित प्राविधिक विषयगत शाखा प्रमुख | - सदस्य |
| **छ.** विपद व्यवस्थापन हेर्ने फोकल व्यक्ति | - सदस्य सचिव |

२)समितिले आवश्यकता अनुसार अन्य सरकारीनिकाय, सुरक्षानिकाय, स्वास्थ्यकर्मी, पशुचिकित्सक वा प्राविधिक लाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

३) समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

४) समितिको निर्णय सर्वसम्मत हुनेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा समितिका सदस्यहरूको बहुमतबाट निर्णय हुनेछ ।

५) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

**८. राहत सिफारिस समितिको काम, कर्तव्य र अधिकार** :१)विपद राहत सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. विपद राहत सिफारिस आवश्यक भए नभएको पहिचानगर्ने,

ख. विपद् क्षति सिफारिस समितिको विवरण/प्रतिवेदन परीक्षणगर्ने,

ग. सिफारिस गर्ने राहत (नगद/वस्तुगत सहयोग) को प्रकार तथा परिमाण निर्धारण गर्ने,

घ. राहतवितरणमादोहोरोपना र द्वन्द्व हुन नदिने,

ङ. राहत वितरणको अभिलेख दुरुस्त राख्ने,

च. राहत वितरण सम्बन्धी गुनासो सुनुवाइ गर्ने,

२) राहत वितरणको प्रगति तथा खर्च विवरण कार्यपालिकामा पेश गर्नुका साथै समय समयमा सार्वजनिक गर्ने।

परिच्छेद–५

**विपद राहतलाभग्राही योग्यता र प्राथमिकता**

९. **विपद राहत लाभग्राही** :१)विपद प्रभावित देहायका व्यक्ति/परिवार यस कार्यविधि बमोजिम विपद राहत लाभग्राहीहुन सक्नेछन्।

क. विपद्का कारणज्यान गुमाएका व्यक्ति/परिवार,

ख. विपदका कारण अङ्गभङ्ग वा गम्भीर घाइते भएका व्यक्ति/परिवार,

ग. विपदका कारण घर,जग्गा, खाद्यान्न, पशुपंक्षी सम्पूर्ण गुमाएका व्यक्ति/परिवार,

घ. विपदका कारण बसोबास गर्ने गरेको घर पूर्ण वा आंशिकक्षति भएका व्यक्ति/परिवार,

ङ. विपदका कारण खाध्यान्न, तरकारी र फलफूल बाली नष्ट भएका व्यक्ति/परिवार।

च. विपदका कारण घरपालुवा पशु/पंक्षी गुमाएका व्यक्ति/परिवार

**१०. प्राथमिकता** : १) विपद राहत सिफारिस गर्दा देहायका व्यक्ति/परिवारलाई प्राथमिकता दिइनेछ।

क. दफा ४ मा उल्लिखित लाभग्राहीको प्राथमिकताक्रम अनुसारका व्यक्ति/परिवार,

ख. विपदका कारण गुमाएको घर, जग्गा, खाद्यान्न बाहेकस्वदेश तथा विदेशको अन्य स्थानमा वैकल्पिक व्यवस्था नभएको व्यक्ति/परिवार,

ग. अतिविपन्न तथा आर्थिक रूपमा कमजोर व्यक्ति/परिवार,

घ. शारिरीक तथा मानसिक रुपमा अपाङ्ग भएका व्यक्ति/परिवार,

ङ. बालबालिका, जेष्ठ नागरिक, गर्भवती तथा सुत्केरी व्यक्ति,

च. असहाय वा बेसहरा एकल महिला तथा बालबालीका,

छ. दलित,आदिवासी जनजाती व्यक्ति,

ज. जीविकोपार्जनको लागि लगाइएको खाद्यान्न, तरकारी, पशुपंक्षी नष्टभएका व्यक्ति/परिवार

**११. लाभ ग्राहीमा नसमेटिने** : १)देहायका व्यक्ति/ परिवार विपद् राहत लाभ ग्राहीमा समेटिने छैनन् ।

क. नेपाल सरकार/प्रदेश सरकार/स्थानीय सरकार/सार्वजनिक संस्थान/स्वदेशी वा विदेशी संगठित संस्थामा स्थायी/अस्थायी/ सेवा करारबाट नियमित आय आर्जन गर्ने व्यक्ति/परिवार

ख. प्रचलित कानुन बमोजिम सरकारी निकायमा दर्ता भई कुनैपेसा/व्यवसाय/कम्पनी सञ्चालन गरेको/साझेदार भएको व्यक्ति/परिवार

ग. स्वदेश वा विदेशमा वैकल्पिक बसोबास भएको व्यक्ति/परिवार

घ. आय आर्जन गर्ने उदेश्यले व्यवसायीक रूपमा लगाएको खाद्यान्न, तरकारी,फलफूल र पशुपंक्षी, माछा, मौरीपालनकोराहत माग गर्नेव्यक्ति/परिवार

परिच्छेद–६

**राहतको प्रकार तथा मापदण्ड**

**१२. विपद् राहतकाप्रकार** : १) नगरपालिकाले उपलब्ध स्रोत र आवश्यकताका आधारमा देहाय बमोजिमका सबै वा कुनै एक किसिमको राहत उपलब्ध गराउन सक्नेछ ।

क. नगद– नेपाली रुपैयाँ

ख. वस्तुगत-आधारभूत स्वास्थ्य उपचार सामाग्री, तयारी खाद्यवस्तु (बिस्कुट,चाउचाउ, दालमोट), खाद्यान्न (चामल, पिठो, चिउरा),मसला जन्य सामाग्री (नुन, खुर्सानी, वेसार,दाल,हरियो तरकारी,घिउ, तेल) भाडावर्तन,लत्ता कपडा (पिफम,ब्ल्याङ्केट,स्लीपिङ व्याग), आवास सामाग्री (त्रिपाल, टेन्ट, त्रिपाल, जस्तापाता, डण्डी)

ग. आश्रय स्थल (सार्वजनिक जमिन)

२) यस कार्यविधि बमोजिम वितरण/उपलब्ध गराईने राहतको स्रोत व्यवस्थापन**विपद् व्यवस्थापन कोष** मार्फतगरिने छ ।

**१३. राहतको सिफारिस** : १)विपद्कोप्रकृति, क्षतिको अवस्थार गाँउपालिकामा उपलब्ध स्रोत समेतका आधारमा विपद राहत सिफारिस समितिले देहाय अनुसार नगद राहत वितरण/उपलब्ध गर्नका लागि सिफारिस गर्नसक्ने छ।

**नगद राहतको दायरा र रकम**

| **मानिस** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **क्षतिकोअवस्था** | **ईकाइ** | **राहत दर** | **थप राहत** | **कैफियत** |
| १ | मृत्यु | प्रतिव्यक्ति | २५ हजार | एउटै परिवारका एकभन्दा बढी व्यक्तिको मृत्यु भएको अवस्थामा प्रतिव्यक्ति थप१५ हजार | काजकिरिया खर्च |
| २ | अङ्गभङ्ग | प्रतिव्यक्ति | ५००० | - | उपचार राहत |
| ३ | घाइते | प्रतिव्यक्ति | २००० | - | एक रात भन्दा बढी अवधि अस्पताल भर्ना भएको हुनुपर्ने |

| **घरको क्षति** | | | | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **क्षतिकोअवस्था** | **एकाइ** | **राहत दर** | **थप प्रतिएकाइ** | **कैफियत** |
| १ | पूर्ण | प्रति घर | २५ हजार | - | बाढी/पहिरो/भूकम्पले पूर्ण रूपमा नष्ट भएको |
| २ | ५०% भन्दा बढी | प्रति घर | १५ हजार | - | भूकम्प/आगलागीबाट क्षति भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | ५० %भन्दा कम | प्रति घर | ५ हजार | - | भूकम्प/आगलागी अन्य विपदबाट क्षति भएको |

| पशु (चौपाया), पंक्षी मृत्यु | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **चौपायको प्रकार** | **ईकाइ** | **राहत दर** | **थप राहत** |
| १ | चौरी | प्रति गोटा | १० हजार | एकभन्दा बढी मृत्यु भएको अवस्थामा प्रति गोटा थप ५ हजारका दरले बढीमा २ वटासम्मको |
| २ | घोडा/खच्चड | प्रति गोटा | ८ हजार | एकभन्दा बढी मृत्यु भएको अवस्थामा प्रति गोटा थप ४ हजारका दरले बढीमा २ वटासम्मको |
| ३ | भैंसी/राँगा | प्रति गोटा | ८ हजार | एकभन्दा बढी मृत्यु भएको अवस्थामा प्रति गोटा थप ४ हजारका दरले बढीमा २ वटासम्मको |
| ४ | गाई/गोरु | प्रति गोटा | ७ हजार | एकभन्दा बढी मृत्यु भएको अवस्थामा प्रति गोटा थप ३ हजारका दरले बढीमा ३ वटासम्मको |
| ५ | भेडा/बाख्रा/खसी | प्रति गोटा | ५ हजार | एकभन्दा बढी मृत्यु भएको अवस्थामा प्रति गोटा थप २ हजारका दरले बढीमा ५ वटासम्मको |
| ६ | सुगुर/बंगुर | प्रति गोटा | ४ हजार | एकभन्दा बढी मृत्यु भएको अवस्थामा प्रति गोटा थप २ हजारका दरले बढीमा ५ वटासम्मको |
| ७ | हाँस/कुखुरा | प्रति गोटा | ५ सय | एकभन्दा बढी मृत्यु भएको अवस्थामा प्रति गोटा थप २सयका दरले बढीमा १० वटासम्मको |

- खाद्यान्न, तरकारी, फलफूल आदी क्षति भएको अवस्थामा एकमुस्ट रु ५ हजार उपलब्ध गराइने छ।
- सामान्यतया वस्तुगतसहयोगराहत गाँउपालिकाले वितरण गर्ने छैन तर कुनै आकस्मिक विपद् घट्न गईविपद् प्रभावित व्यक्ति/परिवारगाँस, बास र कपासजस्ता अत्यावश्यक वस्तुको समेत व्यवस्था गर्न सक्ने विकल्प विहीन भएको भन्ने गाँउपालिका विपद् राहत सिफारिस समितिलाई महसुस भएमासमितिले देहायमा उल्लिखित सबै सहयोगको वा आवश्यकतानुसार केहीसहयोगको मात्र प्याकेज बनाई वस्तुगत राहत वितरण/उपलब्ध गराउन सक्नेछ ।

<u>वस्तुगत सहयोगप्याकेज</u>

| क.सं. | वस्तुगत सहयोगको प्रकार | वस्तुगत सहयोगको नाम | एकाइ | जम्मा परिमाण |
|---|---|---|---|---|
| १ | तयारी खाद्यवस्तु | बिस्कुट, | प्याकेट | १२ |
| | | चाउचाउ, | प्याकेट | १२ |
| | | दालमोट | केजी | १ |
| २ | खाद्यान्न | चिउरा | केजी | २ |
| | | चामल मध्यम | केजी | १० |
| | | पिठो | केजी | ५ |
| | | पिफम, | मिटर | २ |

| | | | | |
|---|---|---|---|---|
| ३ | लत्ता कपडा | ब्ल्याङ्केट, | वटा | १ |
| | | स्लीपिङ व्याग | वटा | १ |
| ४ | भाडावर्तन, | प्लास्टिक जग | वटा | १ |
| | | प्लास्टिक बाल्टी(२० लिटर) | वटा | १ |
| | | फिउस डेक्ची(पाँच लिटर) | वटा | १ |
| | | ढलोट कराई(तीन लिटर) | वटा | १ |
| | | स्टिल थाल | वटा | ३ |
| | | स्टिल बटुको, | वटा | ३ |
| | | स्टिल गिलास | वटा | ३ |
| | | स्टिल डाडु, | वटा | १ |
| | | स्टिल पन्यूँ | वटा | १ |
| | | फलामेचक्कु | वटा | १ |
| ५ | मसला जन्य सहयोग | आयोडिन नुन | केजी | १ |
| | | धुलो खुर्सानी, | ग्राम | २५० |
| | | धुलो वेसार | ग्राम | २५० |
| | | मास/मसुरो दाल | केजी | ३ |
| | | घिउ/तेल | लिटर | १ |
| ६ | आवास सहयोग | त्रिपाल | वटा | १ |
| | | टेन्ट, | वटा | १ |
| | | जस्तापाता, | बन्डल | २ |

परिच्छेद–७

**राहत वितरण तथा अभिलेख**

**१४. राहतवितरण**

क. दफा १३ माउल्लिखित मापदण्ड र सीमा बमोजिम सम्बन्धित वडा कार्यालय वा तोकिएको स्थानबाट राहत वितरण गर्नु पर्नेछ।

ख. राहतको प्रकार, राहत बुझ्ने व्यक्तिको नाम, ठेगाना, सम्पर्कनम्बर, परिमाण तथा हस्ताक्षर/औँठाछाप राहत वितरण अभिलेखमा राख्नुपर्ने छ।

ग. नगदराहत भए सम्भब भएसम्म बैंकिङ/सूचना प्रविधि प्रणालीमार्फत वितरण/उपलब्धगराउनु पर्नेछ ।

घ. तत्काल राहत वितरण गर्नुपर्ने अवस्था सिर्जना भएमा विपद प्रभावित व्यक्ति/परिवारलाई सिधै नगद वा वस्तुगत सहयोग वितरण/उपलब्ध गराई राहत बुझाएको भरपाई अभिलेख राख्नु पर्नेछ।

**१५. दोहोरोराहतनियन्त्रण**

एउटै विपद घटनामा एउटै व्यक्ति/परिवारलाई दोहोरो हुनेगरी राहत वितरण गर्न/गराउन पाईने छैन।तर प्रदेश सरकार वा नेपाल सरकारले आफ्नो प्रचलित ऐन/नियम/निर्देशिका/कार्यविधि/मापदण्ड बमोजिमराहतवितरण गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

परिच्छेद - ८

**अनुगमन**

**१६. अनुगमन** : १) विपद राहत वितरणको अनुगमन आवश्यक्ता अनुसार विपद राहत सिफारिस समितिका पदाधिकारीहरु बाट गर्नु पर्नेछ ।

**१७. गुनासो व्यवस्थापन :** १) विपद प्रभावित व्यक्ति/परिवारले राहत नपाएको वागलत व्यक्तिले राहत पाएको वा राहतमा अनियमितता भएको वाविपद राहतको दोहरोरो सुविधा लिएको भन्ने लगायतका विषयमा कुनै गुनासो भए पालिका विपद राहत सिफारिस समितिमा निवेदन दिनु पर्नेछ।विपद् राहत सिफारिस समितिले जनस्तरबाट प्राप्त त्यस्ता गुनासो माथि आवश्यक छानबिन गरी उचितनिर्णय गर्नु पर्नेछ।

परिच्छेद–१०

**विविध**

**१८. विशेष परिस्थितिमा तत्काल राहत** : १) ठूलो विपद्व आकस्मिक घटनाका कारण तत्काल राहत वितरण आवश्यक भएमा प्रचलित कानूनको सीमा भित्र रही नगर प्रमुख/उपप्रमुखको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले तत्काल आवश्यक राहत वितरण/उपलब्ध गराउने व्यवस्था मिलाउन सक्नेछ।यसरी तत्काल उपलब्ध गराईएको विवरण विपद राहत सिफारिस समितिबाट अनुमोदन गर्नुपर्नेछ।

**१९.अन्य संघसंस्था/निजी क्षेत्रकोराहत** : १) नेपाल सरकार र प्रदेश सरकार बाहेक अन्य संघसंस्था/निजि क्षेत्र लयायतले पातारासी गाँउपालिकासँगको समन्वय, सहकार्य र स्वीकृतिमा मात्रविपद राहत सहयोग उपलब्ध/वितरण गर्नसक्नेछन्।यसरी उपलब्ध/वितरण गरिएको राहत सहयोगको भरपाई गाँउपालिकामा बुझाउनु पर्नेछ ।

**२०. दुरुपयोगगरेमाकारबाही** :झुटो विवरण पेशगरी राहत लिएको, राहत सामग्री बिक्री/दुरुपयोग गरेको वा राहत वितरणमा अनियमितता गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

**२१. बाधा अड्काउ फुकाउने :**१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानूनको अधीनमा रही गाँउ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**२२. संशोधनतथाखारेजी** : १) प्रचलित कानूनको अधीनमा रही गाँउकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

२)पातारासी गाँउपालिकाको कोष संचालन कार्यविधी २०७७ को दफा ८ खारेज गरिएको छ । सो दफा बमोजिम गरिएका काम कारबाहीहरु यसै कार्यविधि को दफा १३ बमोजिम भए गरेका मानिने छन् ।

**अनुसूची — १**

विपद राहत माग गर्ने निवेदनको ढाँचा

**श्रीमान्वडाअध्यक्षज्यू,**

वडानं. ..........

**विषय: राहतउपलब्धगराइदिनुहुन।**

महोदय,

म/हामी.........को नाति/नातिनी/नातिनी बुहारी.............को छोरा/ छोरी/ बुहारी .............निवासी............लाईमिति..........गतेभएको............विपद्का कारण तपसिल अनुसारको क्षतिभएको हुँदा यस गाँउपालिकाको विपद राहत वितरण कार्यविधि- २०८३ बमोजिम उचित गराइदिनुहुन अनुरोध गर्दछु। आवश्यक कागजात यसैसाथ संलग्न छन्।

तपशील

| क.सं | क्षतिको विवरण | सङ्ख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

निवेदकको विवरण

| | | | |
|---|---|---|---|
| नाम, थर | | ठेगाना | |
| सम्पर्क नं. | | परिवार सङ्ख्या | |
| राष्ट्रिय परिचयपत्र नं. | | हस्ताक्षरर मिति | |

संलग्न कागजात

१. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

२. विपदबाट क्षति हुनु भन्दा पहिला र पछिको फोटो (सम्भव भएसम्म)

३. यस कार्यविधिको दफा ११ बमोजिम लाभ ग्राहीमा नसमेटिने अवस्था भएको व्यक्ति/परिवार नभएको स्व घोषणापत्र

अनुसूची -२

क्षति मूल्याङ्कन फारामको ढाँचा

१. प्रभावितपरिवारकोनाम :

२. ठेगाना :

३. विपद्कोप्रकार :

४. घटनाभएकोमिति :

५. घरक्षति: पूर्ण / आंशिक / सामान्य :

६. कृषिक्षति :

७. पशुधनक्षति :

८. खाद्यान्नक्षति :

९. अन्यक्षति :

१०. परिवारकोआर्थिकअवस्था :

११. तत्कालआवश्यक राहत :

१२. सिफारिसगरिएको राहत :

**स्थलगतनिरीक्षणगर्ने:**

नाम, थर :

पद :

हस्ताक्षर :

**वडाअध्यक्षकोसिफारिस :**

अनुसूची - ३

विपद् क्षति सिफारिस समितिको पत्रको ढाँचा

श्री पातारासी गाँउपालिकाको कार्यालय

........ वडा कार्यालय जुम्ला

मिति :

श्री पातारासी गाँउपालिकाको कार्यालय

खलङ्गा जुम्ला ।

विषय : विपद क्षति सिफारिस सम्बन्धमा

...............................को नाति/ नातिनी/ नातिनी बुहारी....................को छोरा/ छोरी/ बुहारी........................ निवासी....................................ले मिति...................गतेभएको..........................विपद्काकारण म/मेरो सगोलको परिवारकोजन/धनको क्षतिभएको हुँदाउचित राहतउपलब्धगराइपाउँ भनि मिति ................. मा यस कार्यालयमा निवेदन दिनु भएको र सो सम्बन्धमा विपद् क्षति सिफारिस समितिको मिति ................... को स्थलगत निरिक्षण/अवलोकन, क्षति मूल्याङ्कन प्रतिवेदन र निवेदनसाथ संलग्न कागजात र प्रमाणहरु र पातारासी गाँउपालिकाका विपद राहत वितरण कार्यविधि— २०७७ को दफा ८ बमोजिम लाभग्राहीमा नसमेटिने अवस्था भएको व्यक्ति/परिवार नभएको देखिएकोले विपद् क्षति सिफारिस समितिको मिति .................. को बैठकबाट विपद् क्षति सिफारिस गर्ने निर्णय भएकोले तपसिलमा उल्लिखित कागजात सहित आवश्यक कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ

...........

वडा अध्यक्ष

<u>तपशील</u>

१. विपद् क्षति सिफारिस समितिको मिति ...... को निर्णयको प्रतिलिपि — पाना .......
२. विपद् राहत माग कर्ता निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि— पाना ......
३. निवेदकले पेस गरेको विपदबाट क्षति हुनु भन्दा पहिला र पछिको सक्कल फोटो — थान .....
४. विपद् क्षति सम्बन्धमा स्थानीय प्रहरीले गरेको सरजमिन मुचुल्काको सक्कल प्रति —पाना ........
५. चन्दननाथ नगरपालिका विपद् राहत वितरण कार्यविधि २०८३ को दफा ११ बमोजिम लाभ ग्राहीमा नसमेटिने अवस्था भएको व्यक्ति/परिवार नभएको भनि निवेदकले गरेको स्वघोषणापत्रको सक्कल — पाना ......

अनुसूची —४

राहत वितरण भरपाईको नमुना

| क.सं. | लाभग्राहीकोनाम | वडा | क्षतिकोविवरण | राहतकोप्रकार | परिमाण/रकम | हस्ताक्षर/औंठाछाप |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |

राहत वितरण गर्ने कर्मचारीको नाम, थर : हस्ताक्षर

वडा अध्यक्षको नाम, थर : हस्ताक्षर

मिति: